**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ अप्रेल

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले यस पटक, पश्चिम बंगाल विधानसभा चुनावमा कतिपय जिल्लाहरूमा तृणमूल कांग्रेसले एउटा पनि सिटमा विजय हासिल नगर्ने दाबी गर्नु भएको छ।

- भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले हिज हुगली जिल्लाको कोन्नगरस्थित अलकाली मैदानमा एक सार्वजनिक सभालाई सम्बोधन गर्नु भयो।

- पश्चिम बंगालकी मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले हिज हावडा मैदान मेट्रो स्टेशनमा आयोजित सार्वजनिक र्‍यालीमा प्रधानमन्त्री नरेन्द्र मोदीको कडा शब्दमा आलोचना गर्नु भयो।

- विधानसभा चुनावमा निष्पक्षता र दुर्व्यवहार कायम राख्न असफल भएकोमा निर्वाचन आयोगले पश्चिम बंगालको पाँच पुलिस अधिकारीहरूलाई तत्काल निलम्बन गर्न आदेश दिएको छ।

- मौसम विभागले पश्चिम बंगालको हिमालयी क्षेत्र, सिक्कम अरुणाचल प्रदेश, असम, मेघालयमा भारी वर्षा हुने अनुमान गरेको छ।

**पीएम- बंगाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले यस पटक, पश्चिम बंगाल विधानसभा चुनावमा कतिपय जिल्लाहरूमा तृणमूल कांग्रेसले एउटा पनि सिटमा विजय हासिल नगर्ने दाबी गर्नु भएको छ। उहाँले पहिलो चरणको मतदानको प्रवृत्तिले जनमतमा परिवर्तन आएको स्पष्ट रूपमा संकेत गरेको बताउनु भएको छ। दक्षिण २४ परगना जिल्लाको बरुईपुरमा एक चुनावी सभालाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, तृणमूल कांग्रेसले केही जिल्लाहरूमा आफ्नो खाता पनि खोल्ने छैन। उहाँले भन्नु भयो, पहिलो चरणमा रेकर्ड मतदान भएको थियो र यो रेकर्ड अप्रिल २९ मा दोस्रो चरणमा तोड्नुपर्छ। जनताले तृणमूल कांग्रेसको पराजय सुनिश्चित गर्नेछन्। श्री मोदीले जादवपुर विश्वविद्यालयको वातावरणको बारेमा पनि चिन्ता व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो, क्याम्पस भित्र धम्की दिइँदैछ, भित्ताहरूमा राष्ट्रविरोधी नारा लेखिँदैछ, र विद्यार्थीहरूलाई जुलुसमा भाग लिन बाध्य पारिएको छ। उहाँले विश्वविद्यालयको शैक्षिक पर्यावरण स्वस्थ नरहेको र यसलाई सुरक्षित गर्न आवश्यक रहेको बताउनु भयो।

**BYTE**

**अमित शाह- बंगाल**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणको मतदान अप्रिल २९ मा हुनुभन्दा अगाडि चुनावी अभियान तीव्र भएको छ। भारतीय जनता पार्टी (भाजपा) का वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले हिज हुगली जिल्लाको कोन्नगरस्थित अलकाली मैदानमा एक सार्वजनिक सभालाई सम्बोधन गर्नु भयो। आफ्नो सम्बोधनको सुरुवात गर्नु हुँदै श्री शाहले स्थानीय मन्दिरहरू र महान विचारक ऋषि अरबिन्दो घोषलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। उहाँले पहिलो चरणको मतदानमा भाजपाले ११० भन्दा बढी सिट जित्ने अनुमान गरिएको र मई ५ मा राज्यमा भाजपाको सरकार गठन हुने दाबी गर्नु भयो। अवैध घुसपैठको मुद्दा उठाउँदै श्री शाहले भन्नु भयो, यदि भाजपाले सरकार बनायो भने, "हरेक घुसपैठकर्ता" लाई राज्यबाट निष्कासित गरिनेछ। उहाँले आरोप लगाउनु भयो, मुख्यमन्त्री ममता बनर्जीले तिनीहरूलाई आफ्नो भोट बैंकको रूपमा प्रयोग गरेकी छिन्। उहाँले राज्यमा तथाकथित "सिन्डिकेट शासन" अन्त्य गर्ने वाचा पनि गर्नु भयो। महिला सुरक्षाको मुद्दामा, उहाँले सन्देशखली, आर.जी.मा विभिन्न घटनाहरू उद्धृत गर्नु भयो। उहाँले कर, दुर्गापुर

र कोलकातामा भाजपाको सरकार बनेमा महिला सुरक्षालाई उच्च प्राथमिकता दिइने, जसले महिलाहरूलाई रातमा पनि सुरक्षित महसुस गराउने बताउनु भयो। उहाँले राज्य यातायात बसहरूमा महिलाहरूलाई नि:शुल्क यात्रा प्रदान गरिने घोषणा पनि गर्नु भयो। सार्वजनिक सभामा श्री शाहले धेरै जन कल्याणकारी वाचाहरू पनि गर्नु भयो। उहाँले यदि भाजपाले सरकार बनायो भने, प्रत्येक छात्रालाई स्नातकको लागि ५० हजार रूपियाँ आर्थिक सहयोग प्रदान गरिने र गरिबहरूले ५ लाखसम्मको नि:शुल्क चिकित्सा उपचार पाउने बताउनु भयो।

**ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले हिज हावडा मैदान मेट्रो स्टेशनमा आयोजित सार्वजनिक ऱ्यालीमा प्रधानमन्त्री नरेन्द्र मोदीको कडा शब्दमा आलोचना गर्नु भयो। उहाँले गंगा नदीमा प्रधानमन्त्रीको नौका विहारलाई चुनावी चालको रूपमा वर्णन गर्नु हुँदै उनले दिल्लीको यमुना नदी सफा गर्न असमर्थ भएपछि गंगामा आफ्नो तस्बिर खिचाउन बंगाल आएको बताउनु भयो। उहाँले बंगालको गंगा र दिल्लीको यमुनाको तुलना गरिनु पर्ने बताउनु भयो। यहाँको गंगा सफा छ, जबकि यमुना प्रदूषित छ। उहाँले आरोप प्रधानमन्त्री केवल फोटो खिच्ने अवसर र प्रचारको लागि गंगामा नौका विहार गरिरहेको बताउनु भयो। यो शुद्ध भोट-संचालित राजनीति हो। उहाँले पहिलो चरणको मतदान पछि सरकार बनाउने भाजपा नेताहरूको दाबीलाई पनि अस्वीकार गर्नु भयो। उहाँले ग्रामीण बंगालमा ९३ प्रतिशत मतदाता मतदान भएको र जनताले भाजपाको विरुद्धमा मतदान गरेको बताउनु भयो। उहाँले मतदाता सूची संशोधनको नाममा मानिसहरूमाथि अत्याचार भएको आरोप लगाउनु भयो।

**प्रधानमन्त्री सिक्किम**

प्रधानमन्त्री नरेन्द्र मोदीको 27 अनि 28 अप्रेलमा सिक्किम भ्रमणको कार्यक्रमलाई लिएर राज्य सरकारले व्यापक तयारी थालेको छ। यो भ्रमण सिक्किमको राज्य स्थापनाको ५० वर्षको उत्सवको समापन समारोह संग सम्बन्धित छ। मुख्यमन्त्री प्रेमसिंह तामाङको प्रत्यक्ष निगरानीमा विभिन्न विभाग, सुरक्षा निकाय तथा प्रशासनिक अधिकारीहरूसँग नियमित समीक्षा बैठक भइरहेको छ। उहाँले प्रधानमन्त्रीको रोड शोका मार्गहरु तथा गान्तोकस्थित पाल्जोर स्टेडियम, जहाँ मुख्य कार्यक्रम हुन् गइ रहेको छ, को पनि निरीक्षण गर्नु भएको छ। 27 अप्रेलमा प्रधानमन्त्रीको स्वागतमा भव्य रोड शो आयोजना गरिनेछ, जसमा विभिन्न समुदाय, स्वयं सहायता समूह, आशा कार्यकर्ता, आंगनवाडी कर्मचारी तथा सर्वसाधारणको सहभागिता रहनेछ। 28 अप्रेलमा पाल्जोर स्टेडियममा सार्वजनिक सभालाई प्रधानमन्त्रीले सम्बोधन गर्नु हुनेछ।

**बंगाल – चुनाव प्रचार**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको प्रचारप्रसार तीव्र भएको छ। विभिन्न राजनीतिक दलका वरिष्ठ नेताहरूले ऱ्याली र रोड शो गरिरहेका छन्। राज्यमा दोस्रो चरणको मतदान २९ अप्रेलमा हुने तय भएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले आज पूर्वी बर्दवानको जमालपुर र हावडाको श्यामपुरमा सार्वजनिक सभाहरूलाई सम्बोधन गर्नुहुनेछ। उहाँले हावडामा पनि रोड शो गर्नुहुनेछ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले पनि राज्यमा चुनावी सभा गर्नुहुनेछ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जे.पी. नड्डाले पूर्वी बर्दवानको बजपर्तपुरमा विजय संकल्प यात्राको नेतृत्व गर्नुहुनेछ। यसैबीच, कांग्रेस नेता तथा लोकसभामा विपक्षी दलका नेता राहुल गान्धीले हुगलीको श्रीरामपुर, कोलकाताको शहीद मीनार र मेटियाब्रुजमा ऱ्यालीहरू गर्नु हुनेछ। तृणमूल कांग्रेस नेता अभिषेक बनर्जीले बसिरहाट र क्यानिङ पश्चिममा ऱ्यालीहरू गर्नु हुनेछ। उहाँले पार्टी कोलोनीमा पनि रोड शो गर्नुहुनेछ।

**निर्वाचन आयोग- पुलिस अधिकारी निलम्बित**

विधानसभा चुनावमा निष्पक्षता र दुर्व्यवहार कायम राख्न असफल भएकोमा निर्वाचन आयोगले पश्चिम बंगालको पाँच पुलिस अधिकारीहरूलाई तत्काल निलम्बन गर्न आदेश दिएको छ। निलम्बित अधिकारीहरूमा डायमंड हार्बरका अतिरिक्त एसपी सन्दीप गराई, उप-विभागीय पुलिस अधिकारी सजल मण्डल, डायमंड हार्बर पुलिस थानाका इन्चार्ज निरीक्षक मौसम चक्रवर्ती, फाल्टा पुलिस थानाका इन्चार्ज निरीक्षक अजय बाग र उस्थी पुलिस थानाका इन्चार्ज शुभेच्छ बाग रहेका छन्। आयोगले डायमंड हार्बरका पुलिस निरीक्षक डा. इशानी पाललाई अनुशासन र निष्पक्षता सुनिश्चित गर्न असफल भएकोमा चेतावनी दिएको छ र भोलि बिहान ११ बजेसम्ममा प्रतिवेदन बुझाउन भनेको छ।

**हिमन्त विश्व सर्मा- एसआईआर**

आसामका मुख्यमन्त्री हिमन्त विश्व शर्माले हिज पश्चिम बंगालको कामरहाटीमा एक राजनीतिक ऱ्यालीलाई सम्बोधन गर्नु हुँदै आसाममा मतदाता सूचीको विशेष गहन पुनरीक्षणका लागि दृढतापूर्वक वकालत गर्नु भयो। उहाँले भन्नु भयो, निर्वाचन प्रणालीको विश्वसनीयतालाई सुदृढ पार्न मतदाता सूचीको पुनरीक्षण र प्रमाणीकरण आवश्यक छ। श्री सर्माले प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारको प्रशंसा गर्नु हुँदै देशले यस्तो काममा उनको योगदानलाई लामो समयसम्म सम्झने बताउनु भयो। उहाँले भन्नु भयो, "मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार भारत रत्नको हकदार छन्, किनकि देशले विशेष गहन पुनरीक्षण सञ्चालनमा उनको योगदानलाई कहिल्यै बिर्सने छैन।" उहाँले मतदाता सूचीको नयाँ र कठोर संशोधनले विसंगतिहरू हटाउन र निर्वाचन प्रक्रियाको विश्वसनीयतालाई बलियो बनाउन मद्दत गर्ने बताउनु भयो।

**पहाड़ - स्ट्रङ रूम**

पहिलो चरणको मतदानपछि दार्जीलिङ, खरसाङ अनि कालेबुङ विधानसभा क्षेत्रको मत संग्रह गरिएको ईभिएम विभिन्न स्ट्रङ रूममा कठोर सुरक्षाको साथ राखिएको छ।

**आकाशवाणी -जिंगल प्रतियोगिता**

आकाशवाणीको ९० औं वार्षिकोत्सवको उपलक्ष्यमा, नयाँ सिग्नेचर धुन सिर्जना गर्न प्रतियोगिता सुरु गरिएको छ। यसको उद्देश्य विशेष आकाशवाणीको कार्यक्रमहरूको लागि संगीत सिर्जना गर्नु हो जुन सामग्रीसँग सान्दर्भिक छ र श्रोताहरूलाई आकर्षित गर्दछ। सबै धुनहरू वाद्ययन्त्र मात्र हुनुपर्छ। सबमिशनहरू एमपी-थ्री वा  डब्ल्यूएवी ढाँचामा स्वीकार गरिनेछ। पहिलो पुरस्कार विजेताले ३० हजार रूपिया, दोस्रो पुरस्कार विजेताले २० बजार रूपियाँ र तेस्रो पुरस्कार विजेताले १० हजार रूपियाँ  प्राप्त गर्नेछन्।

**मौसम**

मौसम विभागले पश्चिम बंगालको हिमालयी क्षेत्र, सिक्कम अरुणाचल प्रदेश, असम, मेघालयमा भारी वर्षा हुने अनुमान गरेको छ। बिहार, गङ्गाको पश्चिम बंगाल, हिमाचल प्रदेश, जम्मू र कश्मीर, लद्दाख, झारखण्ड, केरला, माहे, मराठवाडा, उत्तराखण्ड र ओडिशाका केही भागहरूमा पनि चट्याङसहित  मेघगर्जन हुने सम्भावना छ।